# मनराशिसवा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मनरा, महोत्तरी, मधेश प्रदेश, नेपाल


पत्र संख्या : २०८०/०८१
चलानी नं.: मिति २०८०।१२।३०

**व्यक्तिगत घटना दर्ता सप्ताहको सन्दर्भमा शुभकामना सन्देश**

"व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तिका लागि जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटना घटेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौं/गराऔं" भन्ने मुल सन्देशका साथ प्रत्येक वर्षझै यस वर्ष पनि वैशाख १ गते देखि ७ गते सम्म व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रम यस मनराशिसवा नगरपालिका लगायत मुलुक भर विशेष सप्ताहको रुपमा मनाउने कार्य भई रहेको छ। बालबालिकालाई विधालय भर्ना गर्न, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न, नागरिकता, राष्ट्रिय परिचयपत्र, राहदानी र नाबालक परिचय पत्र बनाउन, बैंकमा खाता खोल्न र राज्यबाट प्राप्त हुने अन्य सेवा सुविधा लिन तथा आफ्नो हक अधिकार सुनिश्चित गर्नको लागि व्यक्तिगत घटना दर्ता आवश्यक पर्दछ। व्यक्तिगत घटना दर्ताले व्यक्तिको कानुनी पहिचान स्थापित गर्नका साथै सार्वजनिक सेवा प्राप्त गर्ने मुख्य आधार तय गर्दछ। तसर्थ अझै पनि व्यक्तिगत घटना दर्ता, दर्ता गराउन बाँकी रहेका नगरवासीहरुमा आ-आफ्नो वडा कार्यालयमा सम्पर्क गरी घटना दर्ता गराउनु हुनेछ भन्ने विश्वास लिएको छु ।

आधुनिकीकरण प्रक्रियालाई आत्मसात गर्दै घटना दर्ताका तथ्याङ्कलाई समयमा नै प्राप्त गर्ने व्यवस्था अनुरुप यस नगरपालिकामा अनलाईमा आधारित घटना दर्ता प्रणाली प्रयोग हुँदै आएको छ। वि.सं. २०८० बैशाख देखी चैत्र मसान्त सम्म अनलाईन प्रणाली मार्फत १५९५ जन्म दर्ता, ५४५ विवाह दर्ता, ४८५ मृत्यु दर्ता, २ सम्बन्ध विच्छेद दर्ता र ४२ बसाई सराईका घटना दर्ता यस नगरपालिका भित्र दर्ता भएको छ। जुन संख्या आफैमा उत्साह प्रद रहेको छ यदपी अझै पनि विभिन्न कारणले कतिपय व्यक्तिहरुले व्यक्तिगत घटना दर्ता, दर्ता नगरेको अनुमान रहेको छ र सो समुहको व्यक्तिगत घटना दर्ता गराउनु मुख्य चुनौतीको रुपमा रहि आएको छ। जसका लागि नगरपालिकाको एकल प्रयास मात्र पर्याप्त नहुने हुदाँ सम्पूर्ण नगरवासीमा साथ सहयोग र सहकार्यको अपेक्षा राखेको छु ।

विगतमा घटना दर्ता गराउन वडा बाट नगरपालिका सम्म धाउनु पर्ने, केहि दिन सम्म घटना दर्ताको प्रमाणका लागी कुर्नु पर्ने अवस्था रहेकोमा हाल आवश्यक प्राविधिक जनशक्ति वडामै उपलब्ध गराई वडा बाटै सेवाग्राहीहरुलाई छिटो छरितो व्यक्तित घटना दर्ताका सेवा उपलब्ध गराई रहेका छौ र यस कार्यलाई थप सुधार र परिमार्जन गर्दै लैजाने प्रतिबद्धता समेत जाहेर गर्न चाहन्छु। व्यक्तित घटना दर्ताका नँया सेवाग्राहीहरुले घर बाटै https://public.donidcr.gov.np वेब साईड प्रयोग गरी अनलाईन मार्फत सुचना फाराम भर्न सकिने व्यवस्था समेत रहेको जानकारी गराउन चाहन्छु। अन्त्यमा व्यत्तिगत घटना सप्ताह कार्यक्रममा सम्पुर्ण नगरवासी सहभागी भई आफ्नो व्यत्तिगत घटना दर्ता गराउनु हुनका साथै वडा कार्यालय र स्थानीय पंजीकाधिकारीलाई घटना दर्ता कार्यलाई थप सहज र पहुँच योग्य बनाई सेवा प्रवाह गरी दिनु हुन विशेष अनुरोध गर्दै नँया वर्ष २०८१ को सम्पुर्ण नगरवासीमा हार्दिक मंगलमय शुभकामना व्यत्त गर्दछु । धन्यवाद ।

(मोहन पाण्डेय)
नगर प्रमुख